# नेपाल कानून आयोगः संक्षिप्त परिचय

कानून निर्माण गर्दा आवश्यकता र औचित्य समेत विचार गरी व्यापक अध्ययन, अनुसन्धान र विचार–विमर्श गर्नु आवश्यक हुन्छ । सोही उद्देश्यले कानून तर्जुमा गर्न विभिन्न संस्थागत एवं प्रक्रियागत व्यवस्थाहरु विश्वव्यापी रुपमा नै हुँदै आएको पाइन्छ । नेपालको सन्दर्भमा नेपाल कानून आयोग पनि कानून निर्माण गर्ने प्रक्रियाको एक संस्थागत व्यवस्था हो । यस आयोगको ऐतिहासिक बिकास क्रम यस प्रकार रहेको छ ।

(क) **ल कमिशन, २०१०** :

नेपालमा सर्वप्रथम २०१०।९।६।१ को मन्त्रिमण्डलको निर्णय बमोजिम पहिलो ल कमिशनको गठन भएको हो । उक्त कमिशनको गठनविधि, कार्य प्रणाली, कार्यावधि आदिका सम्बन्धमा मिति २०१०।११।११ मा नेपाल गजेटमा प्रकाशित सरकारको विज्ञप्तिमा उल्लेख गरिएको थियो । जुन विज्ञप्तिको पूर्ण पाठ अनुसूची –१ मा दिइएको छ ।

(ख) **ल कमिशन, २०१७** :

श्री ५ को सरकारको मिति २०१७।६।२७।४ को निर्णय अनुसार (नेपाल राजपत्रमा प्रकाशित मिति २०१७।७।१५) देहाय बमोजिमको ७ सदस्यीय दोश्रो ल कमिशन गठन गरियो ।

१. सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री नयनबहादुर खत्री – अध्यक्ष
२. मध्यमाञ्चल उच्च अदालतका मुख्य न्यायाधीश – सदस्य
३. एटर्नी जनरल श्री शम्भुप्रसाद ज्ञवाली – सदस्य
४. कानून सचिव – सदस्य
५. श्री ५ को सरकारबाट मनोनित गैर–सरकारी व्यक्ति जना ३ – सदस्य

मिति २०१८।७।१४ मा प्रकाशित सूचना अनुसार सर्वोच्च अदालतको न्यायाधीशलाई झिकी एटर्नी जनरललाई अध्यक्ष बनाइएको थियो । उक्त सूचना अनुसूची ३ मा राखिएको छ । कमिशनको बैठक कम्तिमा महिनाको ४ पटक वस्नुपर्ने र ४ जना

सदस्यहरु उपस्थित हुनुपर्ने गरी गणपूरक संख्या तोकिएकोमा मिति २०१८।७।१४ को राजपत्रमा प्रकाशित सूचना अनुसार गणपूरक संख्या ३ बनाइएको थियो । कमिशनले आफ्नो कार्यविधि व्यवस्थित गर्न नियम बनाउन सक्ने तथा सो नियम कानून मन्त्रालयबाट स्वीकृत हुनुपर्ने व्यवस्था थियो । कानून मन्त्रालयको उप–सचिवलाई सेक्रेटरी तोकिएको उक्त कमिशनले २ वर्ष भित्रमा काम सम्पन्न गरी रिपोर्ट श्री ५ को सरकार समक्ष पेश गर्नुपर्ने थियो । २०२० सालको मुलुकी ऐन यस आयोगको सक्रियतामा बनेको हो । कमिशनको गठन, संशोधन र कामहरु अनुसूची–२ मा उल्लेख गरिएको छ ।

(ग) **कानून आयोग, २०२०** :

श्री ५ को सरकारको मिति २०२०।१०।८।४ को निर्णय बमोजिम (राजपत्रमा सूचना प्रकाशित मिति २०२०।१२।१०) गठन भएको उक्त आयोगको गठनविधि यस प्रकार थियो:–

| | | | |
|---|---|---|---|
| १. | श्री विनोदप्रसाद धिताल | सह–सचिव, कानून मन्त्रालय | – पदेन अध्यक्ष |
| २. | श्री नीरकुमार क्षेत्री | | – सदस्य |
| ३. | श्री टोप बहादुर सिंह | | – सदस्य |
| ४. | श्री हेरम्बराज | | – सदस्य |
| ५. | श्री विश्वनाथ उपाध्याय | उप–सचिव, कानून मन्त्रालय | –सदस्य–सचिव |

शुरुमा यसको कार्यकाल एक वर्ष तोकिएको भए तापनि पटक पटक म्याद थप भई २०२७ सालसम्म कायम भएको थियो । यस कमिशनका मुख्य कामहरु तथा यसले तर्जुमा गरेका कानूनहरुको सूची अनुसूची –३ मा दिइएको छ ।

(घ) **कानून आयोग, २०२९** :

श्री ५ महाराजाधिराजबाट मिति २०२९।२।१९ मा प्रचलित नेपाल कानूनमा विशेष गरी फौजदारी, देवानी, बाणिज्य तथा प्रमाण सम्बन्धी कानूनहरुमा भइरहेको अभाव र त्रुटीहरु हटाई भरिसक्य सरल, बैज्ञानिक र व्यवहारिक रुप दिई छुट्टाछुट्टै ऐनहरुको तर्जुमा

गर्न न्यायिक समितिका अध्यक्ष एवं सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री नयनबहादुर खत्रीको अध्यक्षतामा ५ सदस्यीय चौथौ कानून आयोगको गठन गरिबक्सियो । उक्त आयोग गठनको सूचना अनुसूची - ४ मा राखिएको छ ।

उक्त आयोगमा सर्वोच्च अदालतका अस्थायी माननीय न्यायाधीश श्री विश्वनाथ उपाध्याय– १, महान्यायाधिवक्ता श्री रमानन्दप्रसाद सिंह –१, न्यायिक समितिका सदस्य श्री कृष्णप्रसाद पन्त– १ समेतलाई सदस्य तथा कानून सचिव श्री चूडामणिराज सिंहलाई सदस्य–सचिव तोकिएको थियो । यस आयोगले प्रमाण ऐन तथा अपराध संहिता मसौदा र तत्सम्बन्धी प्रतिवेदन तयार गरी श्री ५ समक्ष पेश गरेको थियो । उक्त आयोग २०३३।११।२३ मा विघटन गरिएको थियो ।

(ङ) **कानून सुधार आयोग, २०३६ :**

कानून आयोग २०२९ को सुझाव सहितको प्रतिवेदन अध्ययन गरी कार्यान्वयन गर्ने तथा तोकिए बमोजिम अन्य कामहरु गर्न पाँचौ पटक मिति २०३६।८।२६ मा कानून सुधार आयोगको गठन भयो । यसको कार्यावधि ३ वर्षको हुने र बैठक कम्तिमा हप्ताको २ पटक वस्ने गरी व्यवस्था गरिएको थियो । तोकिए बमोजिम आयोगको गठनविधि एवं काम, कर्तव्यहरु अनुसूची– ५ मा उल्लेख गरिएको छ । यो आयोगले हदम्याद सम्बन्धी कानूनको मस्यौदा, मुलुकी ऐनको संशोधन मस्यौदा एवं मध्यस्थता सम्बन्धी ऐनको मस्यौदा तयार गरी पेश गरेको थियो । आयोगको पदावधि मिति २०३९।८।२२ मा समाप्त भएपनि अर्को व्यवस्था नभएसम्मका लागि यो आयोगलाई साविक बमोजिमको जिम्मेवारी थप गरिएको थियो ।

(च) **नेपाल कानून सुधार आयोग, २०४१ :**

यस अघिका आयोगको आवधिक वा तदर्थ रुपमा गठन विघटन हुंदै आएकोमा श्री ५ को सरकारको मिति २०४१।८।२१ को निर्णयले नेपाल कानून सुधार आयोग नामक एक स्थायी प्रकृतिको आयोगको स्थापना गरी पदाधिकारीहरु नियुक्ति गर्ने व्यवस्था गर्‍यो । श्री ५ को सरकारको यो निर्णयले कानून तर्जुमाका क्षेत्रमा आयोगको स्थायी भूमिका एवं सक्रियताको अपेक्षा राख्दै संस्थागत रुपमा नै आयोगको अस्तित्व स्थापित गर्ने काम गर्‍यो ।

आयोगको इतिहासमा यो सर्वाधिक महत्वको निर्णय थियो भन्न सकिन्छ । जस अनुसार ५ वर्षे कार्यावधि सहित गठन भएको आयोगको गठनविधि एवं काम कर्तव्यहरुको व्यवस्था गरिएको थियो । पछि श्री ५ को सरकारले मिति २०४६।८।२१ मा पदावधि समाप्त भएका उक्त आयोगका सदस्य तथा सह–सदस्यहरुलाई यथावत कायम राख्ने निर्णय गरेको थियो ।

श्री ५ को सरकारले मिति २०४७।१२।१८ को निर्णयानुसार नेपाल कानून सुधार आयोगलाई पुनर्गठन गरी कार्यविधि समेत तोकेको थियो । यो आयोगले २०४८ सालमा एक कार्यदलको गठन गरी नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम तर्जुमा गर्नुपर्ने ऐनहरुको मस्यौदा तयार गर्‍यो । यस आयोगको गठन, पुनर्गठन र कार्यदलले तर्जुमा गरेका ऐनका मस्यौदाहरु अनुसूची - ६ मा राखिएका छन ।

यस आयोगले निम्न विषयमा विशेषज्ञहरुबाट कार्यक्रम तयार गर्न लगाई तत्सम्बन्धी कानूनको तर्जुमामा अध्ययन, अनुसन्धान गरेको देखिन्छ ।

(१) लिखतहरुको प्रमाणीकरण तथा नोटरी पब्लिक (notary Public) ऐनको आवश्यकता र औचित्य

(२) नेपाल दण्डमाफी तथा बन्दिहरुको आचरण सुधार सम्बन्धी ऐनको आवश्यकता

(३) नेपालमा उपभोक्ता सुरक्षा सम्बन्धी कानून

(४) नेपालमा दुष्कृति सम्बन्धी कानूनको आवश्यकता

(५) विवाह, पारपाचुके, मानाचामल तथा लोग्ने स्वास्नी सम्बन्धी कानून

(६) अपुताली र महिलाहरुको निजी सम्पत्ति सम्बन्धी अधिकार

यो आयोगले यातना तथा क्षतिपूर्ति सम्बन्धी ऐन र मानव अधिकार आयोग ऐनको मस्यौदा तयार गरी श्री ५ को सरकार समक्ष पेश गरेकोमा ती ऐनहरुले कानूनको रुप धारण गरिसकेका छन् । कार्यविधि सम्बन्धी कानून, महिला सम्बन्धी कानून, दुष्कृति सम्बन्धी कानून आदिका बारेमा पनि आयोगले अध्ययन गरेको र देवानी कार्यविधि संहिताको मस्यौदा तयार गर्न तथा नेपालमा दण्ड सजाय सम्बन्धी व्यवस्थाको अध्ययन गर्न

विभिन्न समितिको गठन, पुनर्गठन गरी प्रारम्भिक मस्यौदा तयार गराई आयोग समक्ष प्राप्त भइसकेकोमा तत्सम्बन्धी कानूनले मूर्तता भने पाइसकेको देखिंदैन ।

२०५७।१।१९ देखि आयोग पदाधिकारीविहीन भई निष्क्रिय बसेको पृष्ठभूमिमा यसलाई चुस्त, सक्रिय एवं प्रभावकारी बनाउन श्री ५ को सरकारले मिति २०५९।११।१६ मा देहाय बमोजिम आयोगको पुनर्गठन गरी काम, कर्तव्य र अधिकार समेत तोकिदिएको थियो ।

(क) **आयोगको गठन**:

(१) श्री निरञ्जन थापा – अध्यक्ष

(२) श्री उदय नेपाली श्रेष्ठ ( श्री ५ को सरकारको मितिः २०६०।४।१९ को निर्णय बमोजिम) – उपाध्यक्ष

(३) श्री विनोद कुमार देवकोटा – सदस्य

(४) श्री सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय – सदस्य (पदेन)

(५) सचिव, न्यायपरिषद् –सदस्य (पदेन)

(६) रजिष्ट्रार, सर्वोच्च अदालत –सदस्य (पदेन)

(७) नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय –सदस्य (पदेन)

(८) सचिव, नेपाल कानून सुधार आयोग –सदस्य–सचिव (पदेन)

(ख) **आयोगको काम, कर्तव्य र अधिकार**: आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(१) कुनै विषयमा नयाँ कानून निर्माण गर्ने वा भइरहेका कानूनको संशोधन गर्ने सम्बन्धमा मस्यौदा गर्ने तथा श्री ५ को सरकारलाई पराशर्म दिने ।

(२) तर्जुमा गरिने कानूनका सम्बन्धमा गोष्ठी, सेमिनार अन्तर्क्रिया गर्ने तथा परामर्श सेवा लिनुका साथै आवश्यकता अनुसार आयोगका पदाधिकारी समेत भएको वा नभएको कार्यदल वा कार्य टोली गठन गरी मसौदा तर्जुमा गर्ने गराउने ।

(३) प्रचलित कानूनहरुको पुनरावलोकन गर्ने र त्यसमा हुनुपर्ने सुधारका सम्बन्धमा समय समयमा श्री ५ को सरकारलाई सुझाव दिने ।

(४) नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम बनाउन बाँकी रहेका कानूनहरुको मस्यौदा गरी श्री ५ को सरकार समक्ष पेश गर्ने ।

(५) श्री ५ को सरकारले तोकिदिएको विषयमा कानूनको संहिताकरण गरी मस्यौदा तयार गर्ने ।

अध्यक्ष श्री निरञ्जन थापाले अध्यक्ष पदबाट मिति २०६२।२।३१ मा राजिनामा दिनु भएको र जनआन्दोलन २०६२।०६३ पछि मन्त्रिपरिषद्को मिति २०६३।१।२४ को निर्णयबाट उपाध्यक्ष र अन्य नियुक्त सदस्य पदमुक्त हुनुभएको ।

(छ) **नेपाल कानून आयोग ऐन, २०६३**: कार्यकारी निर्णयको भरमा स्थापित कानून सुधार आयोगलाई अझ बढी प्रभावकारी बनाउन कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन गर्न तथा कानून र न्याया सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्न काम समेतको लागि एक स्वतन्त्र निकायको रुपमा नेपाल कानून आयोग ऐन, २०६३ ले नेपाल कानून आयोग स्थापना गरेको हो । उक्त ऐनले आयोगको गठन, अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरुको योग्यता, पदावधि, सेवा शर्त तथा आयोनको काम, कर्तव्य र अधिकारको सम्बन्धमा विस्तृत व्यवस्था गरेको छ ।

आयोगका वर्तमान पदाधिकारीहरुको नामावाली यस प्रकार रहेको छः

| नाम | पद | नियुक्ति मिति |
|---|---|---|
| श्री बाबुराजा जोशी | अध्यक्ष | २०६३।४।१५ |
| श्री हरि प्रसाद न्यौपाने | उपाध्यक्ष | २०६३।५।२६ |
| श्री लिला उदासी खनाल, झापा<br>(हाल वरिष्ठ अधिवक्ता) | सदस्य | २०६६।१।३ |

| | | |
|---|---|---|
| श्री देव नारायण यादव, सिराहा (अधिवक्ता) | सदस्य | २०६६।१।३ |
| श्री शान्ति कुमारी राई, खोटाङ (अधिवक्ता) | सदस्य | २०६६।१।३ |
| श्री माधव पौडेल (सचिव, कानून तथा न्याय मन्त्रालय) | पदेन सदस्य | |
| डा. श्री त्रिलोचन उप्रेती (सचिव (कानून) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय) | पदेन सदस्य | |
| श्री सूर्य प्रसाद कोइराला (नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय) | पदेन सदस्य | |
| श्री मोहन बञ्जाडे (सचिव, नेपाल कानून आयोग) | सदस्य सचिव | |

नेपाल कानून आयोगले २०६० देखि २०६७ असारमसान्तसम्म तयार गरेका ऐनका मसौदा र अन्य कामको विवरण अनुसूची ७ मा दिईएको छ ।

## अनुसूची – १

<u>नेपाल गजेटमा प्रकाशित मितिः २०१०।११।११</u>

नेपालको पहिलो ल कमिशन गठन गर्ने सम्बन्धमा मिति २०१०।११।११ गतेको नेपाल गजेटमा प्रकाशित विज्ञाप्तिको पूर्ण पाठः

### कानून मन्त्रालयको विज्ञप्ति

### <u>ल कमिशन सम्बन्धी</u>

"नेपाल अन्तरिम शासन विधान, २००७" को दफा २ मा प्रचलित ऐन सवाललाई सकभर चाँडै र अब उप्रान्त बनाइने ऐन समेत सोही शासन विधानको भाग २ मा उल्लिखित राज्य–नीतिका निर्देशक सिद्धान्तमा ढाल्ने राज्यको लक्ष्य हुनेछ भन्ने लेखिएकोले हाम्रो प्रचलित ऐन, सवाल, सनद गैह्र छानविन गरी के कति कुरा उपयुक्त निर्देशक सिद्धान्तसंग बाझिन आउँछ र देशको वर्तमान् आवश्यकताको पूर्तिका लागि कतिपय ऐन बाझिएको अंश तुरुन्तै र कति क्रमशः खारेज और संशोधन गर्न मनासिव पर्ला त्यस कुराको छलफल ठहर गरी र हाम्रो देशमा अहिलेसम्म नभएका तर प्रजातान्त्रिक नेपालको आवश्यकता अनुसार बनाउनु पर्ने नयाँ ऐनको तर्जुमा समेत गरी र एकै विषयको कुरा एकै ठाउँमा नरही विभिन्न स्थानमा कुनै ऐनको कुनै सवालको र कुनै सनदको रुपमा रहेको हुँदा सो सबै ऐन, सनद, सवालहरु एकत्रित गरी अन्तरिम शासन विधान अनुरुप तुल्याउन आवश्यक छानविन र विवेचना गरी प्रजातान्त्रिक रुप रंग दिई सबै ऐन कानूनको वैज्ञानिक ढंगले कोडिफिकेशन गरी सरकारमा सिफारिश पेश गर्न कानून मन्त्रालयको रेखदेखमा देहायको मद्दत मसलन्द ठेकी देहायको कार्य प्रणालीबाट काम गर्ने गराउने गरी एउटा ल कमिशन खडा गर्ने २०१०।९।६।१ को मन्त्रिमण्डल बैठकबाट निर्णय भएको हुनाले सरोकारवाला सबैका लागि यो विज्ञप्ति प्रकाश गर्ने काम भएकोछ । यो बमोजिम गर्नु गराउनु होलाः–

१. ल कमिशनमा एकजना चेयरमन र हाललाई छ जना सदस्यहरु रहने छन् । काम सुचारु रुपले चलाउन औ शीघ्रातिशीघ्र काम तामेल गर्न गराउनलाई ल कमिशन तपसिलमा लेखिए बमोजिम तीन सेक्सनमा बाँडिनेछ ।

## तपसिल

१. देवानी विषयक ऐन, सनद, सवालको सेक्सन ।

२. फौजदारी विषयक ऐन, सवाल, सनदको सेक्सन ।

३. मालको सवाल, अड्डा, अड्डालाई भएको सवाल र स्रेस्ता अपिल विषयक सवाल, सनदको सेक्सन ।

२. हरएक सेक्सनमा प्रचलित ऐन, सनद, सवाल पोख्त एकजना अनुभवी व्यक्ति र विदेशी ऐनको र नेपाली प्रचलित ऐन, सवाल, सनदको समेत तुलनात्मक एवं व्यावहारिक ज्ञान भएका एकजना ल ग्रेजुयट रहनेछन् ।

३. ल कमिशनमा एकजना सेक्रेटरी मुकरर हुनेछ । निजको काम कमिशनको विभिन्न सेक्सनहरुले तयार गरेका काम साधारण सभामा पेश गर्ने, साधारण सभा बोलाउने र कमिशनको निमित्त जो चाहिने सामग्री संकलन एवं प्राप्त गर्ने गराउने औ प्रशासकीय रेखदेख गर्ने हुनेछ । सर्वसाधरणको राय बुझी बीच बीचमा कमिशनको विचारको निमित्त पाएसम्मको खबर दिइरहने पनि सेक्रेटरीको कर्तव्य हुनेछ ।

४. ४–४ महिनाको पटक गरी कमिशनले ३ वर्षसम्ममा काम तामेल गरी आफ्नो रिपोर्ट सरकार छेउ पेश गरिसक्नु पर्छ ।

५. काम परेका बखत वा केही बुझ्नु पर्ने भएमा ल कमिशनले जुनसुकै सरकारी वा गैर–सरकारी व्यक्तिलाई र प्रधान न्यायालय र सो मातहतका गैर–अड्डा अदालत र अरु जुनसुकै विभागबाट मागिएको कागजपत्र मिसिल आदि झिकाउन मगाउन सक्नेछ । सबै अड्डा अदालतहरुले पनि ल कमिशनले मागेको कागजात पठाइ दिनुपर्छ ।

६. विभिन्न सेक्सनको काममा पारस्परिक सम्पर्क रहिरहने हुँदा हरएक सेक्सनले आफूले गरेको सुझाव मसौदा तर्जुमा आदि साधारण सभामा पेश गरिसकेपछि मात्र निर्णय लिइनेछ । काम कुरामा प्रधान न्यायालयसंग पनि कमिशनले सम्पर्क राख्नेछ ।

७. जरुरत अनुसार महिनाको ३ पटकमा नघटाइ साधारण सभा गर्ने र सो साधारण सभामा मुकरर भएका सबै मेम्बरको अलवा देहाय बमोजिमका अरु अफिसर र सम्बन्धित

विषयमा अरु विशेषज्ञहरुलाई समेत राखी साधारण सभा गर्ने गर्नुपर्छ । लेखिए बमोजिमका विशेषज्ञहरु सेक्सन सेक्सनबाट लेखी आए बमोजिम सेक्रेटरीले निजहरुलाई उपस्थित गराउने प्रबन्ध मिलाउने छन् । सेक्सनले सेक्रेटरीलाई लेख्दा ४ दिन अगावै लेख्नु पर्छ ।

१. प्रधान न्यायाधीश वा अरु न्यायाधीश मध्ये – एक

२. एटर्नी जनरल

३. एकाउन्टेन्ट जनरल

४. कानून–सेक्रेटरी

५. गृह–सेक्रेटरी

**नोटः**– साधारण सभा चालू गर्नलाई माथि लेखिएका अफिसरहरु मध्ये कम्सेकम ३ जना र मेम्वरहरु मध्ये कम्सेकम ५ जना उपस्थित हुनै पर्छ ।

८. कुनै कारणवश चेम्वरम्यान सभामा उपस्थित हुन नसकेका बखत न्यायाधीश र एटर्नी जनरल वा कानून सेक्रेटरीले सो सभापतिको पद ग्रहण गर्नेछन् ।

९. माथि दफा दफामा लेखिएको कार्यक्रमको रुपरेखा बमोजिम काम चालू गर्न उपरोक्त कुराहरुमा विरोध नपर्ने गरी कमिशनले विस्तृत रुपमा नियम बनाउन पनि सक्दछ तर सो नियमहरु कानून मन्त्रालयबाट सदर गराइ लिनुपर्छ ।

१०. यस कामको निमित्त चाहिने मेम्वरहरु राख्दा बहालवाला अफिसरहरु काजमा आउने भएमा निजहरुको साविकको पोष्ट कायम रहनेछ र ल कमिशनको मेम्वर भई वस्ता साविकको पोष्टमा जे जति थप र प्रमोशन हुन आउँछ, सोही अड्डामै बसी काम गरे सरह निज मेम्वरहरुले पाउने छन् ।

११. ल कमिशनको स्टाफ खर्च अरु खर्च समेत तपसिलमा लेखिए बमोजिम राखिएकोछः

## तपसिल

| स्टाफ | वर्ष १ मोहरु |
|---|---|
| १. खरिदार ३ के प्रतिमास तलबभत्ता गरी | ९७५० ले ३५१०।– |
| २. जुनियर क्लर्क ३ के ऐ ऐ | ५५।– ले १८९०।– |
| ३. टाइपिष्ट १ के ऐ ऐ | ७०।– ले ८४०।– |
| ४. पियन २ के ऐ ऐ | ३०।– ले ७२०।– |
| ५. सेक्रेटरीलाई जुनियर क्लर्क १ के ऐ ऐ | ५५।– ले ६६०।– |
| ६. मसलन्द के | ५००।– |
| | ८२१०।– |

**पटके**

| | |
|---|---|
| फर्निचर के मोहरु | २०००।– |
| टाइप राइटर के देशी नोट रु. | १०००।– |

१२. माथि लेखिए बमोजिमको ल कमिशन खडा गर्न निम्न लिखित व्यक्तिहरुलाई निम्न लिखित पदमा मुकरर गरी २०१०।११।३१ का दिनदेखि सो काम चालू समेत भएकोछः–

(१) बडाकाजी माणिकलाल राजभण्डारी – चेयरम्यान

(२) सदर अपिल दोस्राका हाकिम प्रो. रत्नबहादुर विष्ट, एम.ए., एल.एल.बी – सदस्य

(३) प्रधान न्यायालयका मेम्वर प्रो.डम्बर बहादुर सिंह, एम.ए. एल.एल. बी. – सदस्य

(४) सदर अपिल पहिलाका हाकिम सुब्बा शम्भुप्रसाद ज्ञवाली एम.ए., एल.एल.बी. – सदस्य

(५) सरदार कृष्ण बहादुर – सदस्य

(६) मीरसुब्बा नूरदेव पन्त – सदस्य

(७) मीर सुब्बा हरि बहादुर – सदस्य

(८) प्रचार विभागका डाइरेक्टर श्री बासुदेव शर्मा एम.ए., बार–आयट–ल सेक्रेटरी– सदस्य

# अनुसूची - २

( कमिशन गठन, संशोधन र कामहरु)

## गठन

## श्री ५ को सरकार

## कानून मन्त्रालयको सूचना

ल. कमिशनबारे, श्री ५ को सरकारले, मिति ०१७६।२७४ मा गरेको निम्न लिखित निर्णय सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएकोछ।

१. ल. कमिशनको मुख्य काम देहाय बमोजिमको हुनेछः-

(१) विषय विषयमा भैरहेका प्रचलित नेपाल कानूनहरु गैन्ह छानवीन गरी त्यसमा के कति त्रुटी एवं व्यावहारिक कठिनाइहरु छन् पत्ता लगाई हाम्रो कानूनी पद्धतिलाई वर्तमान न्यायाशस्त्रको सिद्धान्त अनुरुप तुल्याउन र जनतालाई मौलिक स्वतन्त्रको निश्चय व्यवस्था दिलाउन (जो कि प्रजातन्त्रको मूल आधारछ) को लागि ती कानूनमा के कस्तो सुधार ल्याउनु आवश्यक एवं वान्छनीय होला भन्ने कुरामा श्री ५ को सरकारमा सिफारिश पेश गर्ने।

(२) मुलुकको आर्थिक उन्नतिलाई सुगम तुल्याउन के कति विषयमा नयाँ कानून बनाउन आवश्यक पर्ला भन्ने कुरामा श्री ५ को सरकारमा सिफारिश पेश गर्ने।

(३) वर्तमान कानूनी पद्धतिमा के कति सुधार तुरुन्तै र कति क्रमशः गर्न मनासिव पर्ला भन्ने कुरामा श्री ५ को सरकारमा सिफारिश पेश गर्ने।

(४) एकै विषयका कुरा एकै ठाउँमा नरही विभिन्न स्थानमा कुनै ऐन, कुनै सवाल र कुनै सनदको रुपमा रहेको हुँदा सो सबै एकत्रित गरी आवश्यक छानवीन र

विवेचना गरी प्रजातान्त्रिक रुप दिई सबै नेपाल कानूनको वैज्ञानिक ढंगले वर्गिकरण गरी श्री ५ को सरकारमा सफिारिश  पेश गर्ने ।

(५) कानून बनाउनु पर्ने गरी कमिशनले सिफारिश गर्नेमा विधेयकको मसौदा नै तयार गरी श्री ५ को सरकारमा पेश गर्ने ।

(६) कमिशनको रायको लागि पठाइएको विधेयकहरुमा सो विधेयकको ढाँचा र कुरामा कमिशनले आफ्नो राय दिने ।

(७) कमिशनलॄ मनासिव देखेका र श्री ५ को सरकारले मागेका अरु जुनसुकै कानूनी र न्याय सम्बन्धी कुराहरुमा श्री ५ को सरकारमा सुझाव पेश गर्ने ।

२. ६।६ महिनाको पटक गरी कमिशनले २ वर्षसम्ममा काम तामेल गरी आफ्नो रिपोर्ट श्री ५ को सरकार छेउ पेश गरिसक्नु पर्छ ।

३. ल. कमिशनले महीनाको ४ पटकमा नघटाई साधारण सभा गर्नु पर्नेछ ।

४. काम परेको बखत वा केही बुझ्नु पर्ने भएमा कमिशनले जुनसुकै मन्त्रालय विभाग अड्डा अदालतबाट चाहिएको कुरा बुझ्न कागजत्र मिसिल झिाउन सकेन्छ । ।

५. जम्मा सदस्यहरु मध्ये कमसेकम ४ जवान उपस्थित नभै कमिशनको साधारण सभा हुने छैन ।

६. कमिशनबाट भए गरेका काम कुराको विवरण गोरखापत्रमा र कमिशन सम्बन्धी सरकारी सूचना नेपाल गजेटमा प्रकाशित गर्न कमिशनले लेखिपठाएमा  सम्बन्धित अधिकारीले तुरुन्त छाप्न छपाउन लाउन र प्रकाशित गर्न लगाउनु पर्छ ।

७. प्रचलित नेपाल कानूनको कुनै कुरामा वा प्रस्तावित कानूनको कुनै मसौदमा सर्वोच्च अदालत, मन्त्रालय, विभाग, समेत अनय अड्डा अदालतको राय लिनु परेमा कमिशनले सो कुरा देखाई वा मसौदाको प्रतिलिपि पठाई सोझै राय लिन सक्नेछ ।

८. माथि प्रकरणहरुमा लेखिएको कार्यक्रमको रुपरेखा बमोजिम काम चालू गर्न उपरोक्त कुराहरुमा विरोध नपर्ने गरी कमिशनले आफ्नो कार्यविधि व्यवस्थित गर्न नियम बनाउन सक्नेछ कानून मन्त्रालयबाट स्वीकृतनभै त्यस्तो कुने नियम लागू हुने छैन ।

९. कमिशनमा देहाय बमोजिम अध्यक्ष र सदस्यहरु रहनेछन्:-

(क) सर्वोच्च अदालतका न्यायाधीश - - अध्यक्ष

(ख) मध्यमाञ्चल उच्च अदालतका मुख्य न्यायाधीश - - सदस्य

(ग) एटर्नी जनरल - - सदस्य

(घ) कानून सचिव - - सदस्य

(ङ) श्री ५ को सरकारबाट मनोनीत गैर सरकारी व्यक्ति तीन जवान - सदस्य

तर सर्वोच्च अदालतको न्यायाधीश उपस्थित नरहेमा मुख्य न्यायाधीश र निज पनि उपस्थित नरहेको सभामा एटर्नी जनरल अध्यक्ष हुनेछन् ।

१०. प्रकरण (क) (ख) (ग) र (घ) मा लेखिएका पदाधिकारीहरुले कमिशनमा सभा भएको बखत मात्र उपस्थित हुनु पर्ने र अरु सदस्यहरुले सो कमिशनमा ठेकिई पूरा समय काम गर्नुपर्नेछ ।

११. पूरा समय काम गर्ने सदस्यहरु प्रत्येकले मासिक ने.रु. ६००। आनरेरियम पाउनेछन् ।

१२. कानून मन्त्रालयमा एक जवान उपसचिवले नै यस कमिशनको सेक्रेटरीको काम गर्नेछन् र आवश्यकता अनुसार कानून मन्त्रालयका अन्य ष्टाफबाट पनि कमिशनमा काम लिइनेछ ।

१३. कमिशनले तयार गरेको काम साधारण सभामा पेश गर्ने साधारण सभा बोलाउने र कमिशनको लागि चाहिने सामग्री संकलन एवं प्राप्त गराउने कमिशनको आदेश बमोजिम लेखापढी गर्ने औं प्रशासकीय रेखदेख गर्ने कर्तव्य कमिशनका सेक्रेटरीको हुनेछ ।

१४. कमिशनका पूरा समय काम गर्ने सदस्यहरुले नेपाल निजामती सेवा ऐन र नियम बमोजिम निजामती कर्मचारीले पाउने सरहको घरविदा वा बेरामी विदा वा भैपरि आउने विदा लिनुपरेमा अध्यक्षमा रिपोर्ट गरी निकासा लिनु पर्छ ।

**संशोधन**

## राजपत्रमा प्रकाशित मिति कार्तिक १४ गते २०१८ साल

श्री ५ को सरकार

कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालयको सूचना

१. ल. कमिशन गठन बारे मिति २०१७।६।२७।४ को निर्णयमा निम्नलिखित कुरा फेरबदल गर्ने श्री ५ सरकारबाट मिति २०१८।६।८।१ मा निर्णय गरेकोछ ।

२. निर्णयको दफा ५ को सट्टा निम्नलिखित दफा ५ राखिएकोछ-

५. सो कमिशनको साधारण सभा गर्नलाई तीन जनाको कोरम हुनेछ ।

निर्णयको दफा ९ को सट्टा निम्नलिखत दफा ९ राखिएकोछ-

१. कमिशनमा देहाय बमोजिम अध्यक्ष र सदस्यहरु रहने छन्:-

(क) एटर्नी जनरल - अध्यक्ष

(ख) कानून सचिव - सदस्य

(ग) श्री ५ को सरकारबाट मनोनीत गैर सरकारी व्यक्ति तीन जवान - सदस्य

तर एटर्नी जनरल उपस्थित नरहेमा कानून सचिव अध्यक्ष हुनेछ । निर्णयको दफा १० मा रहेको “प्रकरण (क), (ग) र (घ)” शब्दहरुको सट्टा “प्रकरण (क) र (ख)” शब्दहरु राखिएकोछ ।

**<u>दोस्रो ल कमिशनलाई दिएका कामहरु :–</u>**

१. विषय विषयमा भइरहेका प्रचलित नेपाल कानूनहरु गैह्र छानविन गरी त्यसमा के कति त्रुटी एवं व्यवहारिक कठिनाईहरु छन पत्ता लगाई हाम्रो कानूनी पद्धतिलाई वर्तमान् न्यायाशास्त्रको सिद्धान्त अनुरुप तुल्याउन र जनतालाई मौलिक स्वतन्त्रताको निश्चित व्यवस्था दिलाउन (जो कि प्रजातन्त्रको मूल आधार छ ) को लागि ती कानूनमा के कस्तो सुधार ल्याउनु आवश्यक एवं वान्छनीय होला भन्ने कुरामा श्री ५ को सरकारमा सिफारिस पेश गर्ने ।

२. मुलुकको आर्थिक उन्नतिलाई सुगम तुल्याउन के कति विषयमा नयाँ कानून बनाउन आवश्यक पर्ला भन्ने कुरामा श्री ५ को सरकारमा सिफारिस पेश गर्ने ।

३. वर्तमान् कानूनी पद्धतिमा के कति सुधार तुरुन्तै र कति क्रमशः गर्न पर्ला भन्ने कुरामा श्री ५ को सरकारमा सिफारिस पेश गर्ने ।

४. एकै विषयका कुरा एकै ठाउँमा नरही विभिन्न स्थानमा कुनै ऐन, कुनै सवाल र कुनै सनदको रुपमा रहेको हुँदा सो सबै एकत्रित गरी आवश्यक छानविन र विवेचना गरी प्रजातान्त्रिक रुप दिई सबै नेपाल कानूनको बैज्ञानिक ढंगले वर्गीकरण गरी श्री ५ को सरकारमा सिफारिस पेश गर्ने ।

५. कानून बनाउनु पर्ने गरी कमिशनले सिफारिस गर्नेमा विधेयकको मसौदा नै तयार गरी श्री ५ को सरकारमा पेश गर्ने ।

६. कमिशनको रायको लागि पठाइएको विधेयकहरुमा सो विधेयकको ढाँचा र कुरामा कमिशनले आफ्नो राय दिने ।

७. कमिशनले मनासिव देखेमा र श्री ५ को सरकारले मागेमा अरु जुनसुकै कानूनी र न्याय सम्बन्धी कुराहरुमा श्री ५ को सरकारमा सुझाव पेश गर्ने ।

## अनुसूची –३

**तेस्रो आयोगको मुख्य कामहरु:**

१. साविक ल कमिशनले आफ्नो कार्यकालको दुई वर्ष व्यतित भइसकेपछि मात्र मुलुकी ऐनको आधुनिकीकरणको काम थाली ज्यादै कम समयमा नयाँ मुलुकी ऐनको मस्यौदा तयार भई सिफारिस गरेबाट त्यसमा कतिपय सैद्धान्तिक र व्यवहारिक त्रुटीहरु रहन गएकाले सो त्रुटीहरुको छानविन गरी आवश्यक देखिएका कानूनी व्यवस्थाको सिफारिस पेश गर्ने,

२. सबूत प्रमाण, Contract, माल र मालमोत (Revenue) सम्बन्धी कानून लगायत मुलुकको आर्थिक उन्नति र विकसालाई सुगम तुल्याउन आवश्यक देखिएका अन्य कानूनहरुका सम्बन्धमा आवश्यक मस्यौदा तयार गरी सिफारिस पेश गर्ने,

३. कमिशनको रायको लागि श्री ५ को सरकारबाट पठाइएका कानूनका मस्यौदा र कानून सम्बन्धी अन्य कुरामा श्री ५ को सरकारमा सुझाव पेश गर्ने,

४. ऐन, सनद, सवालको रुपमा छरिएर रहेका नेपाल कानूनको छानविन गरी एकै विषयका छुट्टाछुट्टै रुपमा रहेका कानूनहरुलाई एकै ठाउँमा संग्रह र एकीकरण (Consolidation) र आधुनिकीकरण गर्ने ।

उक्त आयोगद्वारा तर्जुमा गरिएका कानूनहरुको सूची यस प्रकारछः–

**२०२० साल**

१. नेपाल नागरिकता ऐन

२. साझेदारी ऐन

३. बाणिज्य बैंक ऐन

**२०२१ साल**

४. छात्रवृत्ति सम्बन्धी ऐन

५. विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन

६. पर्यटन उद्योग ऐन

७. गुठी संस्थान ऐन

८. उखडा सम्बन्धी ऐन

९. राजमार्ग (निर्माण व्यवस्था) ऐन

१०. मुलुकी ऐन (पहिलो संशोधन) ऐन

११. संस्थान ऐन

१२. कम्पनी ऐन

**२०२२ साल**

१३. मील सम्बन्धी ऐन

१४. पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐन

१५. प्रतिलिपि अधिकार ऐन

१६. भ्रष्टाचार निवारण (संशोधन ) ऐन

१७. भूमि सम्बन्धी (प्रथम संशोधन) ऐन

१८. खारेजी र संशोधन ऐन

**अध्यादेश**

१. भूमि सम्बन्धी (प्रथम संशोधन) अध्यादेश

**२०२३ साल**

१. खाद्य ऐन

२. ठेक्का कर ऐन

३. बिक्री कर ऐन

४. नेपाल खानी ऐन

५. करार सम्बन्धी ऐन

**अध्यादेश**

१. नेपाल नागरिकता (संशोधन) अध्यादेश

२. निर्वाचन (अपराध तथा सजाय) अध्यादेश

**<u>२०२४ साल</u>**

१. नेपाल नागरिकता (संशोधन) ऐन

२. मुलुकी ऐन (दोश्रो संशोधन) ऐन

३. नेपाल कानून (संशोधन) ऐन

४. जङ्गली जीवजन्तु (संरक्षण) (दोस्रो संशोधन) ऐन

५. राज्य रजौटा (दोस्रो संशोधन) ऐन

६. राहदानी ऐन

७. भूमि प्रशासन ऐन

८. उखडा सम्बन्धी (दोश्रो संशोधन) ऐन

९. विर्ता उन्मूलन (संशोधन) ऐन

१०. आवश्यक वस्तु संरक्षण (दोश्रो संशोधन) ऐन

११. गुठी संस्थान (प्रथम संशोधन) ऐन

**<u>२०२५ साल</u>**

१. रकम र सरकारी ठेक्का बन्दोवस्त (पहिलो संशोधन) ऐन

२. छात्रवृत्ति सम्बन्धी (पहिलो संशोधन) ऐन

३. स्टाण्डर्ड नाप र तौल  ऐन

४. सरकारी रकम असुल फछ्र्यौट ऐन

५. कम्पनी (संशोधन) ऐन

६. मुलुकी ऐन (तेश्रो संशोधन) ऐन

७. कानून व्यवसायी ऐन

८. केही नेपाल ऐन (संशोधन) ऐन

९. केही नेपाल कानून (संशोधन) ऐन

**<u>२०२६ साल</u>**

१. जाँचबुझ आयोग ऐन

२. केही नेपाल ऐन (संशोधन) ऐन

३. केही नेपाल ऐन (संशोधन) ऐन

**<u>२०२७ साल</u>**

१. विदेशी राज्य र कुटनीतिक प्रतिनिधिको सुविधा तथा उन्मुक्ति ऐन

२. नेपाल अधिराज्यको व्यापारिक पानी जहाजको झण्डा सम्बन्धी ऐन

३. नेपाली पानी जहाज (प्रमाणपत्र र रोजमामचा) ऐन, पानी जहाज दर्ता ऐन ।

**अनुसूची-४**

ज्येष्ठ १९ गते २०२९ साल

**श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय**

**राजदरबारको**

**सूचना**

श्री ५ महाराजाधिराजबाट प्रचलित नेपाल कानूनमा विशेष गरी फौजदारी, देवानी, वाणिज्य तथा प्रमाणसम्बन्धी कानूनहरुमा भैरहेको अभाव र त्रुटीहरु हटाई भरिसक्य सरल वैज्ञानिक र व्यवहारिक रुप दिई छुट्टाछुट्टै ऐनहरुको तर्जुमा गर्न देहायबमोजिमको कानून आयोग गठन गरिबक्सेको छ ।

आयोगको गठन विधि

१. न्यायिक समितिका अध्यक्ष, सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री नयनबहादुर खत्री -अध्यक्ष

२. सर्वोच्च अदालतका माननीय अस्थायी न्यायाधीश श्री विश्वनाथ उपाध्याय -सदस्य

३. महा न्यायाधिवक्ता श्रीरमानन्दप्रसाद सिंह -सदस्य

४. न्यायिक समितिका सदस्य, अधिवक्ता श्री कृष्णप्रसाद पन्त -सदस्य

५. कानून सचिव श्री चूडामणिराज सिंह -सदस्य

## अनुसूची – ५

## कानून सुधार आयोग, २०३६ संग सम्बन्धित

### आयोगको गठन विधिः

**१. आयोगमा निम्नलिखित व्यक्तिहरु रहनेछन्ः–**

(१) माननीय न्यायाधीश श्री विश्वनाथ उपाध्याय, सर्वोच्च अदालत – अध्यक्ष

(२) महान्यायाधिवक्ता – सदस्य

(३) श्री नीरकुमार क्षेत्री, सदस्य न्यायिक समिति – सदस्य

(४) सचिव, कानून तथा न्याय मन्त्रालय – सदस्य

(५) श्री धीरेन्द्र बहादुर विष्ट – सदस्य

(६) श्री मृगेन्द्रबहादुर प्रधानांग – सदस्य

(७) श्री वेदव्यास क्षेत्री – सदस्य

(८) श्री शम्शेर राज वन्त – सदस्य

### आयोगको काम, कर्तव्य

(१) हाम्रो देशको कानून प्रणाली प्रारम्भदेखि हिन्दू न्यायशास्त्रमा आधारित भइआएको भए तापनि बदलिंदो समय र परिस्थितिले गर्दा विदेशी कानूनी प्रणालीको प्रभाव प्रत्यक्ष वा अप्रत्यक्ष तवरले पर्दै गएको हुँदा हाम्रो कानून प्रणाली कस्तो हुनुपर्छ र सुहाउँछ र त्यस्तो प्रणाली कायम गर्नको लागि के कस्तो प्रयास हुनुपर्छ, त्यसमा व्यवस्थापिका, न्यायपालिका र कानून शिक्षा दिने संस्थाले पनि कस्तो भूमिका ग्रहण गर्नुपर्दछ भन्ने सम्बन्धमा विचार गर्ने र तत्सम्बन्धी नीतिहरु तयार गर्ने ।

(२) अपराध संहिता र अपराध कार्यविधि संहिताको मसौदामा प्राप्त भएका सल्लाह सुझावहरुको अध्ययन गरी त्यसलाई कार्यान्वयन गराउन मिलाउनु पर्ने भनी ठहर गरिएका कुराहरुलाई मसौदामा मिलाई अद्यावधिक गर्ने ।

(३) सो मसौदाहरुलाई लागू गर्नको लागि चाहिने हदम्याद सम्बन्धी कानूनको मसौदा तयार गरी पेश गर्ने ।

(४) उपरोक्त कानूनहरुका मसौदाका स्थिति अनुसार मुलुकी ऐनको बाँकी व्यवस्थामा हुनुपर्ने संशोधनको मसौदा तयार गर्ने ।

(५) अपराध संहिता र अपराध कार्यविधि संहिताको र हदम्याद कानूनको मसौदाहरुलाई सरलताको दृष्टिकोणले मुलुकी ऐनको स्वरुप भित्र समावेश हुनसक्ने गरी मसौदा तयार गर्ने ।

(६) बाणिज्य सम्बन्धी कानूनको सम्बन्धमा भइरहेको अभाव त्रुटीहरु हटाइ व्यवहारिक ऐनको मसौदा तयार गर्ने सन्दर्भमा कानून तथा न्याय मन्त्रालयमा रहेको मध्यस्थता सम्बन्धी ऐनको मसौदा उपर बिचार गरी त्यसलाई अन्तिम रुप दिने ।

(७) अपराध कार्यविधि संहिता लागू हुँदा देवानी कार्यविधि संहिता पनि साथै लागू हुन वान्छनीय हुनेभनी साविकको कानून आयोगले सिफारिस गरेको हुँदा देवानी संहिता र देवानी कार्यविधि संहिताको मसौदा तयार गर्ने ।

(८) अहिलेसम्म प्रचलित कानूनमा रहेका दण्ड सजाय सम्बन्धी व्यवस्थाहरुमा अपराध वा कसूरको मात्राको अनुपातमा के कति दण्ड सजाय तोकिनु आवश्यक छ दण्ड सजायको न्यूनतम हद रहनु उपयुक्त हो हैन, सजायको सुधारात्मक, अवरोधात्मक र प्रतिकारात्मक सिद्धान्त के कस्तो हुनु वान्छनीय हुन्छ र सो अनुसार कैद गर्नुपर्ने नपर्ने, जरिवाना गर्नुपर्ने नपर्ने वा दुबै प्रकारको वाध्यात्मक वा विकल्पयुक्त सजाय हुन वान्छनीय हुने नहुने, दण्ड सजायको आदेश निलम्बन गरी स्वाभाव सुधार गर्ने मौका दिई सुध्रिएको देखिएमा दण्ड माफी दिने इत्यादि विषयमा विश्लेषण गरी एउटा दण्ड सजाय सम्बन्धी नीति तयार गर्ने ।

(९) प्रशासकीय काम कारबाहीबाट अथवा कुनै व्यक्तिको लापरवाहीबाट वा दण्डनीय अवचाराबाट कसैको क्षति वा हानी नोक्सानी वा आघात भएमा त्यस्तालाई हर्जना क्षतिपूर्ति दिलाउने सम्बन्धमा के कस्तो कानूनी व्यवस्था युक्तिसंगत हुनेछ सो सम्बन्धमा बिचार गरी सिफारिस पेश गर्ने ।

(१०) अदालतहरुको फैसला, आदेशहरुबाट कायम भएको कानूनी नजीरबाट सिद्धान्तहरुको अबलोकन गरी त्यसको आधारमा कुनै स्पष्ट कानूनी व्यवस्था हुनु वान्छनीय लागेमा त्यस्तो व्यवस्थाको सिफारिस गर्ने ।

(११) अदालती कार्यविधिहरुमा तथा त्यसमा आधारित भएका कारबाही तथा कार्यपद्धति एवं विभिन्न घरायसी एवं कानूनी लिखतका ढाँचाहरुमा फैसला आदेशहरुको गुणस्तरको सम्बन्धमा विश्लेषण तथा बिचार विमर्श गरी त्यसमा आवश्यक देखिएका सुधारको सम्बन्धमा सिफारिस गर्ने ।

(१२) अन्य प्रचलित कानूनमा संशोधनका निमित्त वा कुनै विषयमा नयाँ कानून बनाउन सम्बन्धित मन्त्रालयबाट कानून मन्त्रालयमा अनुरोध भइआएकोमा त्यस सम्बन्धमा कानून मन्त्रालयबाट अनुरोध भएमा वा कानून मन्त्रालयबाट बिचार भई तयार गरिएको कुनै ऐनको मसौदा उपर अध्ययन गरी सैद्धान्तिक एक रुपता तथा त्यस्ता कुराहरु मिलाउने सम्बन्धमा आवश्यक सरसल्लाह दिने ।

(१३) कानून सुधारको निमित्त समय समयमा श्री ५ को सरकारबाट माग गरिएको कुरामा परामर्श पेश गर्ने ।

(१४) आयोगले समय समयमा आफ्नो कार्य प्रगतिको सम्बन्धमा श्री ५ को सरकारले माग गरेको अवधिको आवधिक प्रतिवेदन पेशगर्ने ।

## अनुसूची – ६

## आयोगको गठन, तोकिएका काम कर्तव्य, पुनर्गठन र सम्पादन गरेका कामहरु

## नेपाल कानून सुधार आयोग, २०४१ संग सम्बन्धित

**आयोगको गठन** आयोगको गठन देहाय बमोजिम गर्ने र अध्यक्ष, पदेन सदस्य बाहेकका अन्य सदस्य, तथा सह–सदस्यमा ५ वर्षको लागि देहाय बमोजिम नियुक्ति गर्नेः–

(१) सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री विश्वनाथ उपाध्याय – अध्यक्ष

(२) श्री महान्यायाधिवक्ता –सदस्य (पदेन)

(३) न्यायिक समितिका सदस्य मध्ये श्री ५ को सरकारले तोकेको सदस्य –सदस्य (पदेन)

(यसै बमोजिमको पदमा श्री नीरकुमार क्षेत्रीलाई तोकिएकोमा पछि मिति २०४६।२।३२ मा वहाँलाई पूरा समय काम गर्ने गरी तोकिएको )

(४) श्री टोपबहादुर सिंह – सदस्य

(वहाँ मिति २०४३।५।१८ मा क्षेत्रीय अदालतको न्यायाधीश पदमा नियुक्त भई रिक्त रहेको सदस्यमा श्री रेवती रमण खनाललाई नियुक्ति गरिएको र मिति २०४५।४।२ मा वहाँको सट्टामा श्री श्रीप्रसाद पण्डितलाई नियुक्त गरिएको )

(५) श्री सचिव, कानून तथा न्याय मन्त्रालय –सदस्य (पदेन)

(६) श्री निरञ्जन थापा (२०४३।११।२१ मा आंशिक काम गर्ने गरी नियुक्त हुनुभएको)– सदस्य

(७) श्री राधेश्याम कमारो (मिति २०४६।२।३२ मा पूरा समय काम गर्ने गरी नियुक्त) – सदस्य

(८) श्री वेदव्यास क्षेत्री, सह–सचिव कानून तथा न्याय मन्त्रालय – सह–सदस्य

(९) धी धीरेन्द्र बहादुर विष्ट, अधिवक्ता – सह–सदस्य

(१०) श्री भानुराज अर्याल, अधिवक्ता – सह–सदस्य

(११) श्री मृगेन्द्रबहादुर प्रधानांग – सह–सदस्य

<u>**आयोगको काम कर्तव्यः आयोगको काम कर्तव्य देहाय बमोजिम हुनेछः–**</u>

(क) आयोगको काम कर्तव्यलाई आवधिक रुपमा बिचार गरी आवश्यकतानुसार थपघट गरिने ।

(ख) शाही न्याय सुधार आयोगको सुझाव मध्ये लिने र लिन सकिने गरी तोकिएको सुझाव अनुसारको कानून सुधार सम्बन्धी मसौदा तयार गरी आगामी ६ महिना (चैत्र समान्त) भित्र पेश गर्ने ।

(ग) आगामी ५ वर्षको अवधि भित्र पूरा गर्ने गरी देवानी कानूनको देहायको कुराहरुमा बिचार गरी संहिताकरण (कोडिफिकेशन) को मसौदा गर्नेः–

- पारिवारिक सम्पत्ति, अंशवण्डा र अंशियारहरुको हक, दायित्व, बालक तथा बृद्धको संरक्षण सम्बन्धी कानूनी व्यवस्था ।
- अपुताली तथा महिलाहरुको निजी सम्पत्तिको अधिकार सम्बन्धी कानूनी व्यवस्था ।
- बिहाबारी, पारपाचुके, मानोचामल तथा लोग्ने स्वास्नी सम्बन्धी अन्य कानूनी व्यवस्था ।
- धर्मपुत्र निसहाय, अनाथ व्यक्तिहरुको हक, हित र अधिकार सम्बन्धी व्यवस्था ।
- सम्पत्तिको धितो बन्धकी, खरीद बिक्री, भोगाधिकार, सट्टापट्टा दानदातव्य तथा शेष पछिको ईच्छापत्र सम्बन्धी कानूनी व्यवस्था ।
- गुठी तथा सार्वजनिक सम्पत्तिको सम्बन्धमा कानूनी व्यवस्था ।
- पट्टा (लिज) वा बहालमा सम्पत्ति लिने दिने तथा बहाल नियन्त्रण सम्बन्धी कानूनी व्यवस्था ।
- जग्गा जमनि सम्बन्धी कानूनी व्यवस्था ।
- घरायसी तथा कानूनी लिखत ढाँचाका नमूनाहरु ।

(ङ) निषेधाज्ञा, अन्तरिम आदेश, क्षतिपूर्ति, हर्जाना, दावी, अवहेलनाको कार्यविधि, सवारी सधान, तेस्रो पक्षको दायित्व, बिमा र करारका पक्षले पूरा गर्नु पर्ने विशेष दायित्व सम्बन्धी समेतको कानूनी उपचार (रेमेडियल) सम्बन्धी व्यवस्था, दुष्कृति (टर्ट्स) दण्ड माफी एवं

अपराधीको आचरण सुधार सम्बन्धी व्यवस्था र कानून व्याख्या सम्बन्धी कानूनको नयाँ मसौदा समेत तयार गर्ने ।

(च) श्री ५ को सरकारले समय समयमा सुम्पेका अन्य कानूनका मसौदा गर्ने ।

**<u>आयोगको पूर्नगठनः</u>**

(१) माननीय न्यायाधीश श्री विश्वनाथ उपाध्याय, सर्वोच्च अदालत

(पूरा समय कामगर्ने) – अध्यक्ष

(मितिः २०४८।१०।२ मा श्री नयनबहादुर खत्री अध्यक्ष नियुक्त हुनुभएको)

(मितिः २०५२।१।१९ मा श्री हरगोविन्दसिंह प्रधान नियुक्त हुनुभएको)

(२) श्री महान्यायाधिवक्ता –सदस्य (पदेन)

(३) श्री सचिव, कानून तथा न्याय मन्त्रालय –सदस्य (पदेन)

(४) श्री नीर कुमार क्षेत्री (पूरासमय काम गर्ने) – सदस्य

(५) श्री ईश्वरबहादुर श्रेष्ठ (२०४८।१०।२ मा नियुक्त) – सदस्य

(६) श्री वेदव्यास क्षेत्री, सह–सचिव कानून, न्याय तथा संसदीय व्यवस्था

मन्त्रालय (पूरा समय काम गर्ने) – सदस्य–सचिव

(२०४९।७।२१ देखि श्री तीर्थमान शाक्य कायममुकायम मुकरर

भई मिति २०५१।४।३२ मा सोही पदमा पदस्थापना)

(७) श्री भानुराज अर्याल अधिवक्ता (पूरा समय काम गर्ने) – सह–सदस्य

(८) श्री ताहिर अली अन्सारी (अंचल न्यायाधीश (पूरा समय काम गर्ने) – सह–सदस्य

(९) श्रीमती कल्याणी शाह, अधिवक्ता (पूरा समय काम गर्ने) – सह–सदस्य

**आयोगको कार्यविधि:**

(१) आयोगले गर्ने कामहरु मध्ये कुन काम कुन कुन सदस्य र सह–सदस्यले गर्ने भन्ने बाँडफाँड आयोगको बैठकले गर्नेछ । सो बमोजिम कामको बाँडफाँड गर्दा आयोगले दुई जना सदस्यहरु र कम्तिमा एक जना सह–सदस्यको एउटा शाखामा कायम गरी प्रत्येक शाखालाई अलग अलग काम तोक्नेछ । त्यस्तो प्रत्येक शाखामा दुई जना सदस्यहरु मध्ये एक जना पूरा समय काम गर्ने सदस्यलाई तोकिनेछ र सो बाँडफाँड भएको काम अनुसार कानूनको मसौदा तयार गर्ने, गराउने र आयोगको बैठकमा पेश गर्ने मुख्य उत्तरदायित्व त्यस्तो सदस्यकै हुनेछ । निजले आवश्कता अनुसार अध्यक्ष वा अन्य सदस्यसंग परामर्श गर्न वा कुनै विषयलाई आयोगको बैठकमा पेश गराउन सक्नेछ ।

(२) आयोगको प्रत्येक शाखाबाट सुचारु रुपमा काम भए नभएको रेखदेख गर्ने, त्यस सम्बन्धमा आवश्यकता अनुसार परामर्श वा निर्देशन दिने र आयोगलाई तोकिएको काम समयमा पूरा गराउने उत्तरदायित्व अध्यक्षउपर रहनेछ ।

(३) प्रत्येक शाखालाई तोकिएको काम अनुसारको मसौदा तयार गर्ने र आफ्नो शाखामा छलफल गरी आयोगको बैठकमा पेश गर्ने काम सदस्यहरुलाई सहयोग र सहायता गर्नु सह–सदस्यको कर्तव्य हुनेछ ।

(४) प्रत्येक शाखाले आफूले वर्ष भरी गरेको कामको प्रगति विवरण प्रत्येक एक वर्षमा आयोगको बैठकमा पेश गर्ने छ र सो बमोजिम शाखाहरुले पेश गरेको विववरणलाई दृष्टिगत गरी आयोगले श्री ५ को सरकारमा वार्षिक प्रतिवेदन पेश गर्नेछ ।

(५) आयोगको बैठक प्रत्येक महिनामा कम्तिमा दुई पटक गर्नुपर्दछ । बैठकमा छलफलको लागि कुनै मसौदा तयार भई नसकेकोमा प्रस्तावित मसौदाको सामान्य सिद्धान्त, तत्सम्बन्धमा शाखाहरुले छलफल गर्न चाहेको समस्याहरु अथवा आयोगको कार्य प्रगति सम्बन्धी कुराहरु र त्यस्तै अन्य कुनै कुरामा बैठकले बिचार र छलफल गर्न सक्नेछ । आयोगको प्रत्येक बैठकमा भएको छलफल र निर्णयको विवरण एउटा विवरण पुस्तिकामा लेखी उपस्थित सबै सदस्य र सह–सदस्यहरुले हस्ताक्षर गरी राख्नु पर्छ ।

(६) आयोगको बैठकमा अध्यक्ष सहित तीन जना सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

**सम्पादन गरेका कामहरु**

यो आयोगले २०४८ सालमा एउटा कार्यदल गठन गरेको थियो । उक्त कार्यदलले तर्जुमा गरेका ऐनका मस्यौदाहरु देहाय बमोजिमका छनः-

१. न्याय परिषद् ऐन

२. नेपाल सन्धि ऐन

३. न्याय प्रशासन ऐन

४. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन

५. अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त र अन्य आयुक्तहरुको पारिश्रमिक र सेवाका शर्त सम्बन्धी ऐन

६. प्रतिनिधिसभा नियमावली

७. राष्ट्रियसभा नियमावली

८. संसद्को संयुक्त अधिवेशन संचालन गर्ने नियमावली

९. सांसद्को सेवा सम्बन्धी ऐन

१०. संसद्का प्रमुख प्रतिपक्ष दलका नेता र समितिका सभापतिको सेवा शर्त सम्बन्धी ऐन

११. राष्ट्रियसभा निर्वाचन ऐन

१२. सर्वोच्च अदालत ऐन

१३. न्याय सेवा आयोग ऐन

१४. संवैधानिक परिषद् संचालन सम्बन्धी नियमावली

१५. राजपरिषद् स्थायी समिति संचालन सम्बन्धी नियमावली

१६. राजपरिषद् नियमावली

१७. सार्वजनिक सुरक्षा (दोस्रो संशोधन) ऐन

१८. पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन

१९. नेपाल नागरिकता संशोधन ऐन

२०. सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन

२१. पुनरावेदन अदालत नियमावली

२२. सर्वोच्च अदालत नियमावली

२३. निजामती सेवा नियमावली

२४. केही नेपाल कानून संशोधन गर्ने ऐन ।

## अनुसूची – ७

## नेपाल कानून आयोगले तयार गरेका ऐनको मसौदा र अन्य काम कारवाही

### सम्बत् २०६०

१. नेपाल कानून आयोग ऐन, २०६०

२. संवैधानिक परिषद् ऐन, २०६०

३. विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६०

४. सार्वजनिक सूचनासम्बन्धी ऐन, २०६०

५. सार्वजनिक निकायका काम कारबाहीलाई पारदर्शी बनाउने ऐन, २०६०

६. प्रहरी ऐन, २०६०

### आर्थिक वर्ष २०६१।६२

१. प्रशासकीय अदालत ऐन

### आर्थिक वर्ष २०६२।६३

१. प्रशासकीय अधिकारी (न्यायिक कार्यविधि) ऐन, २०६२

२. ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६२

३. नेपाल कानून आयोग ऐन, २०६३

### आर्थिक वर्ष २०६३।६४

१. न्याय प्रशासन सम्बन्धी तथा अन्य केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६४

२. हदम्याद सम्बन्धी ऐन, २०६४

३. सूचनादाताको संरक्षण (ह्विसलव्लोअर प्रोटेक्सन) सम्बन्धी ऐन, २०६४

### आर्थिक वर्ष २०६४।६५

१ यौनजन्य दुर्व्यवहार नियन्त्रण विधेयक, २०६४

२. जाँचबुझ आयोग विधेयक, २०६४

३. संक्षिप्त कार्यविधि विधेयक, २०६५

४ अदालतको अपहेलना सम्बन्धी विधेयक, २०६५

**आर्थिक वर्ष २०६५।६६**

१. नेपाल एक्रिडिटेशन परिषद् ऐन २०६६"

२. झुट्टा अभिव्यक्ति नियन्त्रण ऐन, २०६६

३. नेपाल गुणस्तर ऐन, २०६६

४. नेपाल कानुन आयोगका पदाधिकारीको आचार संहिता, २०६५

५. वेवसाइट www.lawcommission.gov.np मा कानून राख्न शुरु ।

**आर्थिक वर्ष २०६६।६७**

१. सर्पुदगी सम्बन्धी विधेयक, २०६६

२. पारस्पारिक कानूनी सहायता सम्बन्धी विधेयक, २०६६

३. जुवा नियन्त्रण विधेयक, २०६६

४. नागरिक अधिकार विधेयक, २०६६

५. धरौट जमानत तथा हिरासत सम्बन्धी विधेयक , २०६६

६. कानून तर्जुमा दिग्दर्शन (मन्त्रिपरिषद्बाट मिति २०६६।४।१९ मा स्वीकृत)

७. वेवसाइट www.lawcommission.gov.np मा कानून राख्ने क्रम जारी ।